*Better Quality of Life for a Better Future*

**AMDA-Nepal**
ASSOCIATION OF MEDICAL DOCTORS OF ASIA

# आम्दा नेपाल समाचार

**वर्षः २०७५/७६** **(त्रैमासिक)** **अंकः ३**

## हावाहुरी (चक्रपात) प्रभावित क्षेत्रमा मानवीय सहायता प्रदान

आम्दा नेपालका अध्यक्ष तथा मानवीय सहायता कार्यक्रमका संयोजक डा. योगेन्द्र प्रसाद सिंहको पहलमा मिति २०७५।१२।१७ गते आइतबार साँझ वर्षासँगै आएको हावाहुरीले बारा र पर्सा जिल्लाका केही भागमा असर पारि धनजनको क्षति भएकोमा आम्दा नेपालबाट प्रभावित क्षेत्रको भलुही भरबलिया गाँउपालिका क्षेत्रमा मिति २०७५।१२।२३ र २४ गते मानवीय सहायता कार्यक्रम अन्तरगत राहत बितरण र स्वास्थ्य शिबिर सञ्चालन गरी सेवा प्रदान गरिएको छ । राहत वितरण र स्वास्थ्य शिविर सञ्चालनका लागि आम्दा नेपालबाट केही चिकित्सक, स्वास्थ्यकर्मी लगायत जम्मा ७ जना स्वयंसेवकहरू परिचालन गरिएको थियो । आम्दा नेपालका बरिष्ठ अधिकृत अच्युत सापकोटाको नेतृत्वमा परिचालित टोलीले उक्त राहत बितरणमा प्रभावित क्षेत्रका करिब २०० घरपरिवारलाई राहत बितरण गर्यो साथै प्रभावित क्षेत्रमा ८४ जना विरामीहरूको स्वास्थ्योपचार र औषधीहरू बितरण गरेको थियो ।



बाराको भरबलिया क्षेत्रमा हावाहुरी प्रभावितलाइ स्वास्थ्य शिविर मार्फत स्वास्थोपचार गरिदै

## विपद व्यवस्थापन तथा स्वयंसेवक परिचालन संयन्त्र

सन् २०१८ को अगष्ट महिनामा छिमेकी मुलुक भारतको केराला राज्यको तिरुवनंतपुरम र चेङ्नुर क्षेत्रमा र कर्नाटाका राज्यको मादिकेरी क्षेत्रमा बाढिको प्रकोपबाट प्रभावित पिडितहरूलाई मानविय सहायता प्रदान गर्न आम्दा इन्टरनेशनलले राहत कार्यक्रम सञ्चालन गरेको थियो । आम्दा नेपालबाट स्वयंसेवकको रूपमा प्रभावित क्षेत्रका वासिन्दाहरूको उपचार एवं राहत वितरणमा सहभागि डा. मान बहादुर कोइरी, डा. राकेश शाह र टोली संयोजक श्री पुण्यलाल महतोलाई आम्दा इण्डियाको तर्फबाट नेपाल भ्रमणको क्रममा मिति २०७५।१०।०२ गते आम्दा नेपालको केन्द्रीय कार्यालमा आयोजित एक समारोहका बीच आम्दा नेपालका अध्यक्ष डा. योगेन्द्र प्रसाद सिंहको उपस्थितिमा आम्दा इन्टरनेशनलका अध्यक्ष डा. शिगेरू सुगानामीले सम्मानपत्र सहित अभिनन्दन गर्नुभएको छ ।




विपद प्रकोप राहत कार्यक्रममा सहभागिलाई प्रमाणपत्र वितरण गर्दै आम्दा इन्टरनेशनलका अध्यक्ष




मा. उपप्रधानमन्त्री श्री उपेन्द्र यादवसंग शिष्टाचार भेटघाट

नेपाल भ्रमणका क्रममा डा. शिगेरू सुगानामीले आम्दा नेपाल अन्तरगत सञ्चालित अस्पतालहरू अवस्थित क्षेत्रका जनप्रतिनिधि लगायत नेपाल सरकारका उच्च तहका पदाधिकारीहरूसँग छुट्टाछुट्टै भेटघाट गर्नु भएको छ । भेटघाट क्रममा डा. सुगानामीले आम्दा नेपालले विपद् व्यवस्थापन तथा राहत कार्यक्रममा राष्ट्रीय एवं अन्तरराष्ट्रीयस्तरमा गरेको योगदनको चर्चा गर्नु भएको थियो । जापान र नेपाल दुबै मुलुक प्राकृतिक विपत्तिको दृष्टीकोणले उच्च जोखिममा रहेको यथार्थतालाई मनन गरी विपद व्यवस्थापन पूर्व तयारी र राहत कार्यक्रममा एक अर्का मुलुकमा चिकित्सक लगायतका स्वास्थ्यकर्मी परिचालन गर्ने संयन्त्र स्थापना गर्ने विषयमा छलफल भएको थियो । उक्त छलफल क्रममा आम्दा नेपालका अध्यक्ष डा. योगेन्द्र प्रसाद सिंहले नेपाल र जापान बीच प्राकृतिक विपद्का बेला स्वास्थ्यकर्मी परिचालन गर्न स्थापना हुने संयन्त्रमा सकृयातापूर्वक सहभागि भइ योगदान गर्न आम्दा नेपाल तत्पर रहेको व्यहोरा जानकारी गराउनु भएको छ । अनौपचारिक भेटघाटमा सहभागी नेपाल सरकारका उपप्रधान तथा स्वास्थ्य मन्त्री श्री उपेन्द्र यादव लगायतका उच्च तहका अधिकारीहरू संयन्त्र स्थापना गर्न सकारात्मक हुनुभएको छ ।

## मातृशिशु स्वास्थ्य परियोजना प्रारम्भ

समाज कल्याण परिषद्, आम्दा माइन्ड्स र आम्दा नेपाल बिच प्रदेश संख्या ५ को गढवा गाउँपालिका, दाङमा मातृशिशु स्वास्थ्य परियोजना सञ्चालन गर्न मिति २०७५।०९।२५ गते एक समारोहका बिच संझौतापत्रमा आम्दा नेपालको तर्फबाट अध्यक्ष डा. योगेन्द्र प्रसाद सिंहले हस्ताक्षर गर्नुभएको छ । जापान सरकारले आम्दा माइन्डस् मार्फत उपलब्ध गराउने आर्थिक सहयोगमा सञ्चालन हुने यस परियोजनाको कार्यालय सन् १ मार्च २०१९ देखि गढवा गाउँपालिकामा स्थापना भई



समाज कल्याण परिषद्मा संझौतापत्रमा हस्ताक्षर गरिदै

विधिवत रूपमा सञ्चालनमा आएको छ । यस परियोजनाको तीन वर्षे अवधिमा आम्दा नेपालले गढवा गाउँपालिकाले तोकेको स्थानमा स्वाथ्य चौकि निर्माण गर्ने, स्वास्थ्य केन्द्रलाई आवश्यक चिकित्साजन्य उपकरणहरू उपलब्ध गराउने, समुदायस्तरमा मातृशिशु स्वास्थ्य संवन्धि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, स्वास्थ्यकर्मीहरूलाई तालिम उपलब्ध गराउने लगायतको काम गर्नेछ ।

गढवा गाउँपालिका प्रमुख श्री शहज राम अहिरको अध्यक्षतामा मिति २०७५।११।१९ गते आयोजित एक कार्यक्रमका विच परियोजनाको प्रारम्भिक चरणको अभिमुखिकरण आम्दा नेपालका मुख्य प्रशासक श्री सुदेश रेग्मीले सम्पन्न गर्नु भएको छ । उक्त कार्यक्रममा आम्दा माइन्ड्सका देशिय निर्देशक श्री माइको कोबायासीले संझौतापत्रको एक प्रति गाउँपालिका प्रमुखलाई हस्तान्तरण गर्नु भएको थियो । परिचयात्मक कार्यक्रममा सहभागी बरिष्ठ प्रशासकिय अधिकृत, वडाध्यक्षहरू लगायत गाउँपालिका प्रमुखले आम्दा नेपाललाई पूर्ण साथ र सहयोग प्रदान गर्न गाउँपालिका तयार रहेको व्यहोरा स्पष्ट गर्नु भएको छ । मातृशिशु परियोजना गढवा दाङ्गको संक्षिप्त परिचय आम्दा नेपालको वेभसाइडमा http://amda.org.np/mch-project-gadawa-dang.html अध्यावधिक गरिएको छ ।

## आम्दा नेपाल र बुटवल उद्योग वाणिज्य संघ विच बैठक सम्पन्न

आम्दा नेपाल अन्तरगत सञ्चालित सिद्दार्थ बाल तथा महिला अस्पतालको स्थापनाका लागि मिति २०५५।०४।१९ मा सम्पन्न त्रिपक्षिय संझौताका पक्षधर आम्दा नेपाल र बुटवल उद्योग बाणिज्य बीच मिति २०७५।१२।२७ गते आम्दा नेपालको केन्द्रीय कार्यालय भवनमा ऐतिहासिक बैठक सम्पन्न भएको छ । बैठकमा आम्दा नेपालको तर्फबाट अध्यक्ष डा. योगेन्द्र प्रसाद सिंहको नेतृत्वमा डा. ऋषिकेश नारायण श्रेष्ठ, डा. संगिता बराल बस्नेत, डा. दिपक कुमार अर्याल, डा. रामेश्वर



आम्दा नेपाल र बुटवल उद्योग बाणिज्य संघबीच सम्पन्न बैठक

पोखरेल, डा. पशुपति रेग्मी, डा. सरोज प्रसाद वझा, डा. दिनेश बिनोद पोखरेल, डा. रमेश प्रसाद आचार्य लगायतका सदस्य एवं कर्चारीहरूको उपस्थिति थियो भने बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष, श्री खिम बहादुर हमालको नेतृत्वमा पूर्वअध्यक्षहरू लगायतका पदाधिकारीहरूको उपस्थिति रहेको थियो । बैठकमा सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवललाई संझौताको मर्म अनुरूप त्यस क्षेत्र भरोसायोग्य, स्तरीय तथा नमुना अस्पतालको रूपमा विकाश गर्न आवश्यक योजनाका विषयमा गहन छलफल र समझदारी कायम भएको छ ।

## व्यवस्थापन कार्यशाला गोष्ठी सम्पन्न

आम्दा नेपालको दूई दिने आन्तरिक व्यवस्थापन कार्यशाला मिति २०७५ माघ २३ गते सम्पन्न भएको छ । यस कार्यशालामा आम्दा नेपालका पदाधिकारी लगायत मातहत कार्यालयका कार्यालय प्रमुख र प्रशासन, लेखा, एवं कार्यक्रम इकाईका प्रमुखहरूको सहभागिता रहेको थियो । व्यवस्थापन कार्यशाला उद्घाटन सत्रमा सहभागि आम्दा नेपालका उपाध्यक्ष डा. अनिल कुमार दास र कोषाध्यक्ष डा. संगिता बराल बस्नेत समेतले मन्तव्य राख्ने क्रममा आम्दा नेपालको नीति, नियम, निर्देशिकाहरूको समायानुकुल विवेचना गर्दै उपयुक्त ढाँचामा आवश्यक संशोधन गर्न सिफारिस पेश गर्न निर्देश गर्नु भएको थियो । गोष्ठीको समापन सत्रमा सहभागि आम्दा नेपालका सचिव, डा. ऋषिकेश नारायण श्रेष्ठ र कोषाध्यक्ष डा. संगिता बराल बस्नेतले आफ्नो मन्तव्य राख्दै, व्यवस्थापन कार्यशालको प्रतिवेदन अध्ययन गरि आवश्यकता अनुरूप नीति, नियम, नियमावली तथा निर्देशिकाहरूमा रितपूर्वक संशोधन गरि सिफारिसहरू कार्यान्वयन गरिने जानकारी गराउदै, गोष्ठीमा सहभागि सबैलाई धन्यबाद प्रकट गर्नुभएको थियो । आन्तरिक व्यवस्थापन कार्यशालाको निर्णय तथा सिफारिशहरू आम्दा नेपालको वेभसाईडमा उपलब्ध छ ।




कार्यशाला गोष्ठिमा सहभागिहरू छलफल गर्दै

## आम्दा नेपाल दिवस सम्पन्न

नाफा आर्जन नगर्ने सामाजिक संस्थाको रूपमा स्थापना भइ वि.सं. २०४७/४८ सालमा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको आम्दा नेपालको स्थापना दिवस फागुन २० गते मनाउदै आइएको छ ।

आम्दा नेपालको स्थापना दिवसको उपलक्ष्यमा आम्दा नेपाल अन्तरगत सञ्चालित शिमाजु डेन्टल क्लिनिकमा सात दिन सम्म निशुल्क विरामी परिक्षण लगायत मोफसलका अस्पतालहरूमा एक दिन ओपिडि/आकस्मिक सेवा निःशुल्क, नयाँ सेवाको शुभारम्भ, उत्कृष्ट कर्मचारी पुरस्कृत, अस्पतालमा भर्ना भएका बिरामीहरूलाई फलफूल बितरण लगायतका कार्यक्रम आयोजना गरि मनाइयो ।

## सि.बा.म. अस्पतालको २० औं वार्षिकोत्सव कार्यक्रम स्थगित भएकोमा क्षमायाचना

बुटवल उपमहानगरपालिका, बुटवल उद्योग वाणिज्य संघ र आम्दा नेपाल बिच वि.सं. २०५५ श्रावण १९ गते सम्पन्न संझौताको अधिनमा आम्दा नेपाल अन्तरगत बि.सं. २०५४ सालमा सिद्दार्थ बाल तथा महिला अस्पताल स्थापित भई हाल १०० शैया क्षमतामा सफलता पूर्वक सञ्चालनमा रहेको छ । अस्पतालले सेवाग्राहीहरूलाई बाल एवं महिला संवन्धि गुणस्तरिय विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ । सि.बा.म. अस्पतालको स्थापना एवं सञ्चालनमा मुख्य सहयोग जुटाउने आम्दा इन्टरनेशनल लगायत जापान स्थित दाता संघ संस्थाहरूको आतिथ्यतामा अस्पतालको २० औं वार्षिकोत्सव मिति २०७५।१०।०३ गते उल्लासपूर्वक मनाउने कार्यक्रम तय भएको थियो । यसै विच अनपेक्षित रूपमा सि.बा.म. अस्पतालमा क्रियाशिल नेपाल स्वास्थ्यकर्मी तथा कर्मचारी युनियनले मिति २०७५।०९।१८ गते लिखित पत्र मार्फत सकृय बहिस्कार गर्ने जानकारी गराएका कारण अन्तिम अवस्थामा पूर्व निर्धारित २० औं वार्षिकोत्सव कार्यक्रम स्थगित भएकोमा आम्दा नेपालले आमन्त्रित पाहुना लगायत सम्पूर्ण शुभेच्छुकहरू समक्ष क्षमायाचना गरेको छ ।

## संस्था नविकरण

सामाजिक संस्थाको रूपमा सेवारत आम्दा नेपाल संस्था, जिल्ला प्रशासन कार्यालयबाट मिति २०७५।११।०५ मा नविकरण सम्पन्न भएको छ । नाफाआर्जन नगर्ने सामाजिक संस्थाको रूपमा सेवारत आम्दा नेपालले प्रचलित कानून बमोजिम स्विकृति लिनुपर्नेमा लिइ सञ्चालन गर्दै आएको अस्पताल, शैक्षिक कार्यक्रमहरू समेत नविकरण गर्नुपर्नेमा नविकरणको प्रक्रियामा रहेका छन् ।

## स्वास्थ्य बिमा कार्यक्रम

आम्दा नेपाल अन्तरगत सञ्चालित अस्पतालहरूलाई नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रममा आवद्द गर्ने उद्देश्य अनुरूप आम्दा मेची अस्पतालको सुचिकरणका लागी स्वास्थ्य विमा कार्यक्रमको सचिवालय, टेकुमा निवेदन पेश गरिएको छ । यो कार्यक्रम हाल आम्दा अस्पताल, दमकमा सञ्चालन भइरेको छ । सिद्दार्थ बाल तथा महिला अस्पताल, बुटवललाई समेत यस कार्यक्रममा आवद्द गर्न आवश्यक गृहकार्य भइरहेको छ ।

## सि.बा.म. अस्पताल सेवा सञ्चालन सुधार

मिति २०७५ माघ ०९ गते सम्पन्न कार्यकारिणी बैठकको निर्णयानुसार सिद्दार्थ बाल तथा महिला अस्पतालको सेवा सुधार तथा क्षमता विस्तारका लागि सरोकारवाला संघसंस्था एवं शुभेच्छुकहरूसँग भेटघाट गरि कार्यकारिणी समितिलाई राय सुझाव दिन डा. रामेश्वर प्रसाद पोखरेलको संयोजकत्वमा गठित सि.बा.म. अस्पताल सञ्चालन सुधार अध्ययन समितिले मिति २०७५।१२।१० देखि २०७५।१२।११ सम्म प्रदेश नं. ५ का मुख्यमन्त्री, सामाजिक विकाश मन्त्री, संवन्धित क्षेत्रका सांसद, नगर प्रमुख, नगर उपप्रमुख, वडाध्यक्ष, उद्योग वाणिज्यसंघका अध्यक्ष लगायतका पदाधिकारी, सि.बा.म. अस्पतालमा कार्यरत बरिष्ठ चिकित्सक, कर्मचारी लगायतका सरोकारवाला समुहहरूसँग अन्तरक्रिया गरी एक प्रतिवेदन पेश गरेको छ ।

## सेवा सुविधा वृद्दी

आम्दा नेपालका कोषाध्यक्ष डा. संगिता बराल बस्नेतको संयोजकत्वमा गठित तलब सुविधा पुनरावलोकन समितिले पेश गरेको सिफारिशको आधारमा वि.सं २०७५ फागुन १ बाट लागु हुने गरी तत्कालको आधारभुत तबलको जम्मा २० प्रतिशत रकम महङ्गी भत्ता रूपमा थप बृद्दी कायम भएको छ ।

## साधारण सभा आब्हान

आम्दा नेपालको ५५ औ साधारण सभा वि.सं. २०७६ बैशाख २८ गते शनिवार बिहान ९ बजे प्रारभ्भ गर्ने गरी आब्हान भएको छ । यस साधारण सभामा आर्थिक वर्ष २०७५/०७६ को प्रगति समिक्षा र आर्थिक वर्ष २०७६/०७७ का लागी नीति, योजना, कार्यक्रम र बजेट तयार गर्ने कार्यक्रम रहेको छ ।

## सार्वजनिक विदा

आम्दा नेपाल अन्तरगतका कार्यालयहरूमा वि.सं. २०७६ सालमा जम्मा १६ दिन सार्वजनिक विदा हुने गरी विदाहुने दिन/पर्वहरू तोकिएका छन् । सार्वजनिक विदा हुने दिन पर्वहरूको सुचि आम्दा नेपालको वेभसाइड http://www.amda.org.np/amda-nepal-public-holidays-2076.html मा उपलब्ध छ ।

## सामाजिक सुरक्षा कोषमा सुचिकृत

नेपाल सरकारले लागु गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ बमोजिम आम्दा नेपाल रोजगारदाता संस्थाको रूपमा मिति २०७५।१०।१५ गते सुचिकृत भएको छ । यस सँगै आम्दा नेपाल अन्तरगतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको उपदान, सञ्चयकोष लगायतका सुविधा सामाजिक सुरक्षा कोष मार्फत व्यवस्थित हुने भएको छ ।

## आपूर्तिकर्ताहरूको सूचिकृत अध्यावधिक

आम्दा नेपाल अन्तर्गत संचालित अस्पताल/परियोजनाहरूका लागि आवशयक वस्तु एवं सेवा आपूर्ति गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त उत्पादक, आपूर्तिकर्ता, सेवा प्रदायकहरूलाई सुचिकृत गरिराख्ने प्रयोजनको लागी मिति २०७५।०९।१६ मा सुचना प्रकाशित गरी रितपूर्वक निवेदन आव्हान गरिएकोमा रितपूर्वक निवेदन पेश गर्ने संस्थाहरूलाई आम्दा नेपालको निर्णयानुसार आपूर्तिकर्ताको सुचिमा समावेश गरिएको छ । सुचिकृत आपूर्तिकर्ताहरूको विवरण आम्दा नेपालको वेभसाईडमा उपलब्ध छ ।

# तालिम सञ्चालन तथा सहभागिता

आम्दा नेपाल अन्तरगत केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्दीका लागी निम्न वमोजिम तालिम सञ्चालन तथा मनोनयन गरी गरियो ।

| क्र.सं. | तालिमको शिर्षक | मिति | सहभागीको नाम |
|---|---|---|---|
| १ | कार्य उत्प्रेरणा तालिम | वि.सं. २०७५।०९।१४ | श्री पुन्य लाल महतो, श्री विष्णु अधिकारी |
| २ | वेभपेज व्यवस्थापन | वि.सं. २०७५।०९।११ | के.का. कार्यरत सम्पूर्ण कर्मचारी |
| ३ | SRH and GBV Training | सन् १३-१४ डिसेम्बर २०१८ | श्री रेनुका बस्नेत, श्री दिपिका तामाङ्ग |

# कर्मचारी/पदाधिकारी नियुक्ति

आम्दा नेपाल अन्तरगत सञ्चालित विभिन्न परियोजना/कार्यालयहरूमा रिक्त पदमा पदपूर्तिका लिईएको परिक्षाहरू मार्फत छनौट भएका मध्येबाट नियुक्त भएकाहरू र आम्दा नेपालको नियमानुसार संवन्धित समितिको निर्णयको आधारमा निम्न बमोजिम कर्मचारी/पदाधिकारीहरू नियुक्ति भएको छ ।

| क्र. सं. | कर्मचारीहरुको नाम | पद | कार्यालय | नियुक्त भएको मिति |
|---|---|---|---|---|
| १ | रोहित कुमार उराव | अनुगमन अधिकृत | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| २ | ठक्कु चौधरी | फिल्ड सुपरभाईजर | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| ३ | सिमरन राई | ल्याव सहायक | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| ४ | लक्ष्मी कुमारी राजवंशी | ल्याव सहायक | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| ५ | दिपेन्द्र कार्की | स्वास्थ्य सहायक | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१०/०२ |
| ६ | हरी प्रसाद दुलाल | पियर नेभिगेटर | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| ७ | सम्झना पोख्रेल | सामुदायिक सहयोगी | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| ८ | डिल्ली नेपाल | सामुदायिक सहयोगी | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| ९ | देविका चौधरी | सामुदायिक सहयोगी | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| १० | प्रकृती खड्का | सामुदायिक सहयोगी | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| ११ | सविना सिवाकोटी | सामुदायिक सहयोगी | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| १२ | दुर्गा माया श्रेष्ठ | सामुदायिक सहयोगी | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| १३ | राजु कुमारी चौधरी | सामुदायिक सहयोगी | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| १४ | देवि माया खड्का | सामुदायिक सहयोगी | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| १५ | भगवती चौधरी | सामुदायिक सहयोगी | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| १६ | रन्जना श्रेष्ठ | सामुदायिक सहयोगी | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| १७ | कल्पना चौधरी | अनुगमन सहायक | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |

| | | | | |
|---|---|---|---|---|
| १८ | मनिषा भुजेल | क्लिनिक सहयोगी | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१८ |
| १९ | डा. सत्य नारायण चौधरी | बाल रोग विशेषज्ञ | आम्दा अस्पताल, दमक, झापा | २०७५/११/०१ |
| २० | डा. पवन कुमार सिंह | डेण्टल अधिकृत | आम्दा अस्पताल, दमक, झापा | २०७६/०१/०१ |
| २१ | डा. शेखर चन्द्र शाह | मेडिकल अधिकृत | आम्दा अस्पताल, दमक, झापा | २०७६/०१/०१ |
| २२ | डा. दिपायन पाण्डे | छाला तथा यौनरोग विशेषज्ञ | आम्दा अस्पताल, दमक, झापा | २०७६/०१/१० |
| २३ | डा. सम्पदा ढकाल | डेण्टल अधिकृत | आम्दा नेपाल, के.का., काठमाण्डौ | २०७६/०१/०८ |
| २४ | राजेन्द्र रूचाल | कार्यक्रम प्रवन्धक | मातृशिशु स्वास्थ्य परियोजना, दाङ | २०७५/११/१९ |
| २५ | दिक्षा शर्मा | कार्यक्रम अधिकृत | मातृशिशु स्वास्थ्य परियोजना, दाङ | २०७५/११/१७ |
| २६ | सुदन वली | अधिकृत (प्र/ले) | मातृशिशु स्वास्थ्य परियोजना, दाङ | २०७५/११/१७ |
| २७ | आशिषमान श्रेष्ठ | मानसिक परामर्शदाता | भुटानी शरणार्थीहरुका लागि स्वास्थ्य सेवा परियोजना, दमक, झापा | २०७५/१०/०८ |
| २८ | उषा खत्री | सामुदायिक अधिकृत | भुटानी शरणार्थीहरुका लागि स्वास्थ्य सेवा परियोजना, दमक, झापा | २०७५/१०/०८ |

नवनियुक्त कर्मचारीहरूलाई नियुक्तिपत्र बुझिलिनुपूर्व, एक समारोहका विच कर्मचारी नियमावली, आर्थिक नियमावली लगायत कर्मचारीले पालना गर्नुपर्ने सेवाका शर्त तथा सेवा सुविधाका बारेमा कर्मचारी प्रशासन शाखाले अभिमुखिकरण तालिम प्रदान गरेको थियो । यसै बीच डा. केशव राज शर्मालाई मिति २०७६।०१।०१ देखि लागु हुने गरि सिबाम अस्पतालको रिक्त निर्देशक पदको जिम्मेवारीमा निमित्त तोकिएको छ ।

## कर्मचारीको तहवृद्दी

आम्दा नेपाल अन्तरगत सञ्चालित विभिन्न परियोजना/कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको कर्मचारी नियमावली बमोजिम योग्यताको आधारमा निम्न बमोजिम तहवृद्दी भएको छ ।

| क्र. सं. | नाम | कार्यरत कार्यालय | पद | साविकको तह | तहवृद्दी पछि कायम हुने तह | तहवृद्दी लागुहुने मिति |
|---|---|---|---|---|---|---|
| १ | राजेश अधिकारी | सि.बा.म. अस्पताल, बुटवल | बरिष्ठ सहायक (बायोमेडिकल टेक्निसियन) | ५ | ६ | २०७५।०६।२० |
| २ | गंगा खप्तरी मगर | सि.बा.म. अस्पताल, बुटवल | सि एम ए | ४ | ५ | २०७५।०६।२० |
| ३ | झविन्द्र थापा मगर | सि.बा.म. अस्पताल, बुटवल | सि एम ए | ४ | ५ | २०७५।०६।२० |
| ४ | सुष्मा राणा | सि.बा.म. अस्पताल, बुटवल | सि एम ए | ४ | ५ | २०७५।०६।२० |
| ५ | सम्झना श्रेष्ठ | सि.बा.म. अस्पताल, बुटवल | सि एम ए | ४ | ५ | २०७५।०६।२० |
| ६ | रेणु राणा | सि.बा.म. अस्पताल, बुटवल | अ न मी | ४ | ५ | २०७५।०६।२० |
| ७ | विद्या गुरुङ | सि.बा.म. अस्पताल, बुटवल | स्टाफ नर्स | ५ | ६ | २०७५।०६।२० |
| ८ | गणेश खड्का | सि.बा.म. अस्पताल, बुटवल | ल्याव टेक्निसियन | ५ | ६ | २०७५।०६।२० |
| ९ | आशिष आचार्य | सि.बा.म. अस्पताल, बुटवल | ल्याव टेक्निसियन | ५ | ६ | २०७५।०६।२० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | अर्जुन भण्डारी | सि.बा.म. अस्पताल, बुटवल | ल्याव असिस्टेन्ट | ४ | ५ | २०७५।०६।२० |
| ११ | बबिता पाण्डे | सि.बा.म. अस्पताल, बुटवल | ल्याव असिस्टेन्ट | ४ | ५ | २०७५।०६।२० |
| १२ | बसन्ति घिमिरे | सि.बा.म. अस्पताल, बुटवल | अ न मी | ४ | ५ | २०७५।०६।२० |
| १३ | ईन्द भट्टराई | सि.बा.म. अस्पताल, बुटवल | सि एम ए | ४ | ५ | २०७५।०६।२० |
| १४ | मेहर सिंह राणा | सि.बा.म. अस्पताल, बुटवल | डिस्पेन्सर | ४ | ५ | २०७५।०६।२० |
| १५ | कृष्ण प्रसाद ज्ञवाली | सि.बा.म. अस्पताल, बुटवल | डिस्पेन्सर | ४ | ५ | २०७५।०६।२० |
| १६ | बुद्धि सागर दाहाल | सि.बा.म. अस्पताल, बुटवल | डिस्पेन्सर | ४ | ५ | २०७५।०६।२० |
| १७ | डा. राजेश कुमार गुप्ता | सि.बा.म. अस्पताल, बुटवल | रजिस्ट्रार (एनेस्थेसिया) | ८ | ९ | २०७५।०६।२० |
| १८ | ज्ञानु के.सी. | सि.बा.म. अस्पताल, बुटवल | स्टाफ नर्स | ५ | ६ | २०७५।०६।२० |
| १९ | उमा बज्राचार्य | सि.बा.म. अस्पताल, बुटवल | अ न मी | ४ | ५ | २०७५।०६।२० |
| २० | कल्पना रेग्मी | सि.बा.म. अस्पताल, बुटवल | अ न मी | ४ | ५ | २०७५।०६।२० |
| २१ | निरू नेपाल | सि.बा.म. अस्पताल, बुटवल | अ न मी | ४ | ५ | २०७५।०६।२० |
| २२ | शान्ता ज्ञवाली | सि.बा.म. अस्पताल, बुटवल | अ न मी | ४ | ५ | २०७५।०६।२० |
| २३ | चन्द्रकला बेल्बासे | सि.बा.म. अस्पताल, बुटवल | स्टाफ नर्स | ५ | ६ | २०७५।०६।२० |
| २४ | दिनानाथ भण्डारी | सि.बा.म. अस्पताल, बुटवल | सि एम ए | ४ | ५ | २०७५।०६।२० |
| २५ | ईश्वरी प्रसाद पाण्डे | सि.बा.म. अस्पताल, बुटवल | सि एम ए | ४ | ५ | २०७५।०६।२० |
| २६ | कृष्ण बहादुर जिसी | सि.बा.म. अस्पताल, बुटवल | सहायक (प्र/ले) | ४ | ५ | २०७५।०६।२० |
| २७ | घनमाया झाँक्री | सि.बा.म. अस्पताल, बुटवल | अ न मी | ४ | ५ | २०७५।०६।२० |
| २८ | अन्जु बुढाप्रिथी | सि.बा.म. अस्पताल, बुटवल | सि एम ए | ४ | ५ | २०७५।०६।२० |
| २९ | उषा श्रेष्ठ | सि.बा.म. अस्पताल, बुटवल | अ न मी | ४ | ५ | २०७५।०६।२० |
| ३० | श्रीकान्त सुवेदी | सि.बा.म. अस्पताल, बुटवल | बरिष्ठ सहायक (सि एम ए) | ५ | ५ | २०७५।०६।२० पद मिलान (हेल्थ असिस्टेण्ट) |
| ३१ | पुण्य लाल महतो | आम्दा नेपाल के.का., काठमाण्डौ | बरिष्ठ सहायक (प्र/ले) | ५ | ६ | २०७६/०१/०१ |

# कर्मचारीको राजीनामा स्विकृत

आम्दा नेपाल अन्तरगत सञ्चालित विभिन्न परियोजना/कार्यालयहरूमा कार्यरत कर्मचारीहरूले विभिन्न मितिमा पेश गरेको राजीनामा रितपूर्वक निम्नानुसार स्विकृत भएको छ ।

| क्र.सं. | नाम | पद | कार्यालय | राजिनामा लागु मिति |
|---|---|---|---|---|
| १ | विपना शर्मा | स्टाफ नर्स | सि.बा.म. अस्पताल, बुटवल | २०७५/११/१५ |
| २ | डा. नितेश चौधरी | मेडिकल अधिकृत | आम्दा अस्पताल, दमक, झापा | २०७५/१२/१५ |
| ३ | डा. मिरा खड्का | स्वास्थ्य संयोजक | आम्दा नेपाल भुटानी शरणार्थीहरुका लागि स्वास्थ्य सेवा परियोजना, दमक, झापा | २०७६/०१/०१ |
| ४ | डा. राधिका महर्जन | डेण्टल अधिकृत | आम्दा नेपाल, के.का., शिमाजु डेण्टल क्लिनिक, काठमाण्डौ | २०७६/०१/०३ |
| ४ | डा. धिरेन्द्र वान्तवा | डेण्टल अधिकृत | आम्दा अस्पताल, दमक, झापा | २०७६/०१/१० |
| ५ | डा. रुपेश रोशन | सिनियर मेडिकल अधिकृत | सि.बा.म. अस्पताल, बुटवल | २०७६/०२/१३ |
| ६ | निलम शाह | स्टाफ नर्स | आम्दा लिङ्केजेज परियोजना, ईटहरी | २०७५/१२/१७ |
| ७ | डा. युवराज रोय | मेडिकल अधिकृत | आम्दा मेची अस्पताल, धुलावारी, झापा | २०७६/०१/२३ |

आम्दा नेपालको सेवामा कार्यरत रहँदा सम्म संवन्धित कर्मचारीले गरेको योगदानको कदर गर्दै, उज्वल भविष्यको कामना गरिएको छ । यसै बीच सिबाम अस्पतालको कार्यकारी निर्देशकको जिम्मेवारीबाट डा. बिनोद कुमार पराजुलीले दिनुभएको राजिनामापत्र मिति २०७६।०१।०१ बाट स्विकृत भएको छ । कार्यकारी निर्देशकको गरिमामय जिम्मेवारीमा रहि सिबाम अस्पतालको विकासमा पुर्याउनु भएको योगदानको लागि धन्यबाद प्रकट गरिएको छ ।

## सम्पर्क ठेगाना

**आम्दा नेपाल समाचार**

गोकर्णेश्वर – ६, जोरपाटी, काठमाडौं
फोनः ९७७-१-४९१०२३५/४९१११४०, फ्याक्सः९७७-१-४९१११४१
इमेलः amda@amda.org.np
वेबसाइटः www.amda.org.np